# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८ ] काठमाडौं, कार्तिक ३० गते २०२५ साल [अतिरिक्ताङ्क २२

### श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको नेपाल प्रहरी फोर्स (तेश्रो संशोधन) नियमावली, २०२५ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

#### नेपाल प्रहरी फोर्स (तेश्रो संशोधन) नियमावली, २०२५

नेपाल प्रहरी फोर्स नियमावली, २०१५ (यस पछि मूल नियमावली भनिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार र त्यस सम्बन्धमा प्राप्त अरू सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नेपाल प्रहरी फोर्स (तेश्रो संशोधन) नियमावली, २०२५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको परिच्छेद ३ को नियम ३ मा संशोधनः– मूल नियमावलीको परिच्छेद ३ को नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. इन्स्पेक्टर पदमा भर्ना गर्ने तरिकाः– इन्स्पेक्टर पदमा भर्ना गर्दा निम्नलिखित तरिकाबाट गरिने छः–

(क) खुला प्रतियोगिताद्वारा ५० प्रतिशत पदहरूमा,

(ख) सब–इन्स्पेक्टरहरूमध्येबाट प्रमोशनद्वारा ५० प्रतिशत पदहरूमा ।

तर खुला प्रतियोगिताद्वारा भर्ना गर्न आवश्यक संख्यामा उम्मेदवारहरू नपाइएमा सब–इन्स्पेक्टरहरूमध्येबाट प्रमोशनद्वारा ५० प्रतिशत भन्दा बढी जतिसुकै पदमा भर्ना गर्न सकिने छ ।

आज्ञाले–
उपरथी छेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

# गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले जारी गरेको तल लेखिएबमोजिमको ग्रामीण तथा दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०२५ सर्व-साधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

### ग्रामीण तथा दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०२५

विकास समिति ऐन, २०१३ (संशोधन सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "ग्रामीण तथा दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०२५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. विकास समितिको गठनः– (१) ग्रामीण तथा दुर्गम क्षेत्र विकास समिति (यस पछि "समिति" भनिएको) नामको एउटा समिति गठन गरिएको छ ।

(२) समितिको सदस्यता देहायबमोजिम हुनेछ–

(१) सम्माननीय प्रधान मन्त्री — अध्यक्ष

(२) माननीय गृह पञ्चायत राज्य मन्त्री — उपाध्यक्ष

(३) डा. श्री हर्षबहादुर गुरूङ्ग, सदस्य, रा. यो. प. — सदस्य

(४) श्री मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) श्री सचिव, अर्थ मन्त्रालय — सदस्य
(६) श्री पञ्चायत सचिव, गृह पञ्चायत मन्त्रालय — "
(७) श्री सचिव, भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालय — "
(८) श्री सचिव, शिक्षा मन्त्रालय — "
(९) श्री सचिव, स्वास्थ्य मन्त्रालय — "
(१०) श्री सचिव, उद्योग वाणिज्य मन्त्रालय — "
(११) श्री सचिव, जल तथा विद्युत मन्त्रालय — "
(१२) श्री सचिव, निर्माण, सञ्चार तथा यातायात मन्त्रालय — "
(१३) सूचना तथा प्रसार सचिव, श्री रामबहादुर रावल — सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यतामा आवश्यक हेरफेर गर्न सक्नेछ ।

(४) अध्यक्षको अनुपस्थितिमा समितिको अध्यक्षता उपाध्यक्षले गर्ने छ ।

३. समितिको काम, कर्त्तव्य र अधिकारः– समितिको काम, कर्त्तव्य र अधिकार देहाय-बमोजिम हुनेछ–

(क) विभिन्न जिल्लाहरूमा श्री ५ को सरकारद्वारा समय-समयमा निर्देश गरिएका ग्रामीण विकास कार्यहरूको सञ्चालन गराउने र सो ठिक संग भए नभएको हेर्ने,

(ख) दुर्गम क्षेत्रहरूको विकासका लागि बिभिन्न योजनाहरू स्वीकृत गर्ने र लागू गर्ने व्यवस्था मिलाउने,

(ग) खण्ड (क) र (ख) मा उल्लिखित योजनाहरू लागू गर्दा श्री ५ को सरकारका विभिन्न मन्त्रालय वा विभागलाई परिआउने बाधा अडकाउ फुकाउने गरी आवश्यक निर्देशनहरू दिने ।

४. अधिकार प्रत्यायोजन गर्न सकिनेः– समितिले आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूका उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५. समितिको निर्णय प्रमाणित गर्नेः– समितिको निर्णय वा आदेश समितिको सचिवद्वारा प्रमाणित गरिने छ ।

६. समितिको कार्यालयः– समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले–
उपरथी छेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
श्री ५ को सरकारको छापाखानामा मुद्रित ।
६२९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।